# बुढ्यौलीपनको बहस किन ?





# बुढ्यौली उमेरका चुनौतिहरु

- छोरा छोरी कामका लागि टाढा छन
- छौरा छोरी छैनन्, मेरो साहारा छैन भन्ने पिरलो र तनाव भयो ।
- घरमा काम गर्नेले नै चोरी गर्‍यो
- हेरालो बाट नै असुरक्षाको महसुस भयो
- सहयोगी खोज्न पनि सकिएन, भेटिएका हरुमा सहयोग गर्ने सीप छैन ।
- विस्वासिलो र भरपर्दो सल्लाह पाउन सकिएन ।
- सन्तानले नै सम्पति लुटे ।
- दैनिक व्यवहार मिलाउन, तिरो तिर्न, विजुली पानी, टुटफूट मिलाउन कठिन भयो ।
- पैसा भएर पनि उपचार पाउन सकिएन ।
- सीप छ, थोरै भएपनि उत्पादन छ तर बजार र विनिमय छैन
- सम्पत्ती छ, चाहाना छ तर घुमफिर र धर्म कर्मको प्रवन्ध छैन ।
- पैसा नभएर हैन ख्याल गर्ने व्यक्ती नभएर स्वास्थ्यको हेरचाह र उपचार पाइएन ।
- जेष्ठ जनको जनसंख्या बढ्दो छ । यो सुन्दर जीवन सुखद र रमणीय बनाउनु छ ।

# ज्येष्ठ जन समर्पण प्रा. लि.

• स्था. २०८२ •

# ज्येष्ठ जन समर्पण अभियान

**लक्ष:** ज्येष्ठजनको सम्मान, संरक्षत तथा समग्र हक अधिकार, सुनिश्चित गर्न, खोज अनुसन्धान, जनशक्ति विकास, नीतिगत पैरवी, गुणस्तरीय सेवा प्रवाह, स्थानीय सस्थाको क्षमता विकास र सहकार्य गर्दे, सक्षम, सुन्दर, सुखद र रमणीय जीवन यापनमा सघाउने ।

- **दर्ता** : ११ चैत्र २०८२, कम्पनि दर्ता नं ३८८१०२
- **केन्द्रिय कार्यालय:** ललितपुर महानगर, वडा नं २ सानेपा
- **प्रमोटर सदस्य** ५०, सञ्चालक समिति सदस्य ५
- **कार्य क्षेत्र:** नेपाल अधिराज्य

विभिन्न क्षेत्रम शैक्षिक उपाधि हासिल गरेका, शिक्षा, स्वास्थ्य, कानून, प्रशासन, सामाजिक विकास, उद्योग धन्दा तथा व्यवसाय सञ्चालन, देश विदेशमा जेष्ठ नागरिक सेवामा अनुभवी व्यक्तिहरुको सामुहिक प्रयासमा, नेपाल सरकारका विभिन्न तह तथा गैर सरकारी तथा नीजि संस्थासंगको सहकार्यमा सञ्चालित अभियान नै जेष्ठ जन समर्पण अभियान हो ।

सक्रिय सहभागिता

गृह-सहयोग

आवासीय सेवा

सघन उपचार

# Social platforms:

## Facebook

- https://www.facebook.com/share/1DhGJYUDF3/?mibextid=wwXIfr

## Webpage: https://parentcareservices.com

## Application links

- Promotor share holder: Member Profile: Devoted Senior Care 5March2026
- Service seeker : Parents Care Feedback Form -2025
- Job seeker : Roster for Service provider / Job Seeker

## Senior Living

- Assisted Care
- Memory Care
- Independent living
- Separate house

Collaboration & Coordination LLG

Referral & linkages

# Dream of Senior Living



# Senior Care Home of a NGO




TOP
FRESH

ज्येष्ठ जन-समर्पण प्रा. लि.
स्था. २०८२





# सरकारको कानून Government policy – Senior Care

1. Senior Citizen Act 2063_Amendment 2079.pdf

2. ज्येष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५_amendment 2081.pdf

- Act
- Regulation

# ज्येष्ठ नागरिक ऐनमा व्यवस्था गरिएका केही प्रावधानहरु

३. **ज्येष्ठ नागरिकलाई सम्मान गर्नुपर्ने** ज्येष्ठ नागरिकलाई सम्मान गर्नु सबैको कर्तव्य हुनेछ ।

४. **ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह** (१) ज्येष्ठ नागरिकलाई आफ्नो आर्थिक हैसियत तथा इज्जत आमद अनुसार पालनपोषण तथा हेरचाह गर्नु परिवारको प्रत्येक सदस्यको कर्तव्य हुनेछ ।

(२) ज्येष्ठ नागरिकले आफ्नो अंश लिई परिवारबाट अलग बसेको वा बस्न चाहेको अवस्थामा बाहेक निजले चाहेको परिवारको सदस्यले आफ्नो साथमा राखी पालनपोषण गर्नु पर्नेछ ।

(३) कसैले ज्येष्ठ नागरिकको इच्छाविपरीत निजलाई परिवारबाट अलग राख्न वा अलग बस्न बाध्य गराउनु हुँदैन ।

(४) ज्येष्ठ नागरिक वा निजलाई पालनपोषण गर्ने परिवारको सदस्यको आर्थिक अवस्था कमजोर भएमा परिवारको अन्य सदस्यले त्यस्तो ज्येष्ठ नागरिकलाई आफूसँगै नराखेको भए तापनि पालनपोषण तथा हेरचाहको व्यवस्था गर्नु पर्नेछ ।

(४क) असहाय ज्येष्ठ नागरिकको अधिकतम हित प्रवर्धन गर्न तोकिए बमोजिम विशेष संरक्षण तथा सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ज्येष्ठ नागरिकको चल, अचल सम्पत्ति प्रयोग वा उपयोग गर्ने परिवारको कुनै सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह गर्नु पर्नेछ ।

# ज्येष्ठ नागरिक ऐनमा व्यवस्था गरिएका केही प्रावधानहरु

५. उजुरी दिन सक्ने (१) दफा ४ बमोजिम ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह गर्नु पर्ने कर्तव्य भएको परिवारको सदस्य, नातेदार वा हकवालाले निजलाई आफूसँगै राखी पालनपोषण तथा हेरचाह नगरेमा वा गर्ने व्यवस्था नगरेमा त्यस्तो ज्येष्ठ नागरिकले पालनपोषण तथा हेरचाहको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वडा अध्यक्षसमक्ष उजुरी दिन सक्नेछ । साथै आफ्नो टोल छिमेकमा कुनै ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह यथोचित भईरहेको छैन भन्ने लागेमा कारण सहित सम्बन्धित छिमेकीले समेत उजुरी दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम मेलमिलाप हुन नसकेमा वडा अध्यक्षले त्यस्तो ज्येष्ठ नागरिकलाई पालनपोषण तथा हेरचाह गर्ने परिवारको सदस्य नातेदार वा हकवालालाई लिखित आदेश दिन सक्नेछ ।

(१०) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले ज्येष्ठ नागरिकको परिवारको सदस्य, नातेदार वा हकवालाले पालनपोषण तथा हेरचाह नगरेका वा पालनपोषण तथा हेरचाह गर्ने अन्य हकवाला वा नातेदार नभई अलपत्र अवस्थामा रहेका ज्येष्ठ नागरिकलाई हेरचाह केन्द्रमा राखी पालनपोषण तथा हेरचाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ । त्यसरी पालनपोषण तथा हेरचाह नगरिएका वा अलपत्र अवस्थामा रहेका ज्येष्ठ नागरिकको जायजेथा वा अंशभाग भएमा स्थानीय तहले आफ्नो स्वामित्वमा ल्याई निज ज्येष्ठ नागरिकको हक, हितका लागि परिचालन गर्नेछ ।

# ज्येष्ठ नागरिक ऐनमा व्यवस्था गरिएका केही प्रावधानहरु

- दफा ८. भिक्षा माग्न लगाउन नहुने (१) कसैले पनि ज्येष्ठ नागरिकलाई भिक्षा माग्न लगाउन हुँदैन ।
- ज्येष्ठ नागरिकलाई निजको इच्छा विपरीत यस दफा अन्तर्गत सञ्चालन गरिने कार्यक्रममा संलग्न गराउनु हुँदैन ।दफा २०.५
- स्थानीय तहले निर्णय लिनुपूर्व ज्येष्ठ नागरिकको जीवनयापनका लागि तत्काल केही गर्न आवश्यक देखेमा सम्बन्धित वडा अध्यक्षले अन्तरिम रूपमा निजका सन्तान वा हकवालालाई परिस्थिति विचार गरी सम्बन्धित ज्येष्ठ नागरिकको बैङ्क खातामा निश्चित रकम जम्मा गर्न लगाउनु पर्नेछ ।
- रकम जम्मा गर्नु पर्ने दायित्व भएको व्यक्तिले रकम जम्मा नगरेमा सोको कार्यान्वयनका लागि निजका बाबु वा आमाले निज कार्यरत निकायमा वा स्थानीय तहमा निवेदन दिन सक्ने छन् ।
- (८) उपदफा (७) बमोजिम निवेदन प्राप्त भएमा रकम जम्मा गर्नु पर्ने दायित्व भएको व्यक्ति कार्यरत निकायको प्रमुखले त्यस्तो व्यक्तिको पारिश्रमिक वा रकम जम्मा गर्न सम्बन्धित अधिकारीलाई आदेश दिनेछ ।
- प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै असहाय वा अशक्त ज्येष्ठ नागरिक मात्र पक्ष वा विपक्षी भएको मुद्दाको सुनुवाई गर्दा अदालतले निजको प्रतिरक्षा गर्ने कानून व्यवसायी राखेर मात्र गर्नु पर्नेछ ।
- (२क) ज्येष्ठ नागरिकलाई प्रचलित कानूनको अधीनमा रही जिल्ला कानूनी सहायता समिति मार्फत कानूनी सहायता उपलब्ध गराइनेछ ।

# ज्येष्ठ नागरिक ऐनमा व्यवस्था गरिएका केही प्रावधानहरु

- दफा २० मा, **हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रको स्थापना र सञ्चालन** (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा कुनै व्यक्ति वा प्रचलित कानून बमोजिम गठन भएको संघ, संस्थाले नेपाल राज्यको कुनै स्थानमा हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र वा दुवै केन्द्रको स्थापना र सञ्चालन गर्न सक्नेछ।
- नियम ११ २क मा. स्थानीय जेष्ठ नागरिक समिति सस्थनीय तह, वा कुनै व्यक्ती वा संघ सस्थाले सञ्चालन गरेका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा सेवा केन्द्रको निरीक्षण गर्ने र त्यसको प्रतिवेदन स्थानीय तह समक्ष पेश गर्ने व्यवस्था गरेको ।
- आफैले पालनपोषण तथा हेरचाह गर्नु पर्ने ज्येष्ठ नागरिकलाई आफूसँग राख्न नसक्ने अवस्था सृजना भएमा परिवारको सदस्यले त्यस्तो ज्येष्ठ नागरिकलाई कुनै हेरचाह केन्द्रमा राख्न सक्नेछ। त्यसरी राख्न चाहेमा सम्बन्धित हेरचाह केन्द्रले लाग्ने खर्च त्यस्तो सदस्यबाट लिई त्यस्तो ज्येष्ठ नागरिकलाई राख्न सक्नेछ।
- दफा २० को उपदफा (६) बमोजिम हेरचाह केन्द्रमा राखेको ज्येष्ठ नागरिकको मृत्यु भएमा त्यस्तो हेरचाह केन्द्रले निजको हेरचाह गरेबापत लाग्ने खर्च कटाई बाँकी रकम परिवारको सदस्य वा नातेदार वा हकवालालाई फिर्ता दिनुपर्नेछ।
- दफा २५ मा कर्तब्य पूरा नगरेको अवस्थामा अन्य सदस्यलाई दण्ड सजाईको व्यबस्था गरेको छ ।
- हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र सञ्चालन गर्ने संस्थाले ज्येष्ठ नागरिकको भर्ना, बसोबास, आचरणको सम्बन्धमा आवश्यक विनियम बनाउन सक्नेछ।

# ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को दफा ३२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी तयार गरिएको ज्येष्ठ नागरिक सम्बन्धी नियमावली (पहिलो संशोधन मिति २०८१।०३।१७)

## संरचनागत व्यवस्था:

- केन्द्रीय ज्येष्ठ नागरिक समिति
- प्रदेश ज्येष्ठ नागरिक समिति
- स्थानीय ज्येष्ठ नागरिक समिति

# ऐनमा व्यवस्था गरिएका केही शव्दावलीहरु:

**असहाय ज्येष्ठ नागरिक**

(१) जीवनयापन गर्ने कुनै आधार, आयस्रोत वा सम्पत्ति नभएको ।

(२) पालनपोषण तथा हेरचाह गर्ने परिवारको कुनै सदस्य नभएको ।

(३) परिवारको सदस्य भए पनि निजले पालनपोषण नगरी अपहेलित वा उपेक्षित जीवनयापन गर्नु परेको ।

**अशक्त ज्येष्ठ नागरिक**: शारीरिक वा मानसिकरुपले अशक्त

**हेरचाह केन्द्र**: शुल्क लिई वा नलिई पालनपोषण तथा हेरचाह गर्नको लागि यस ऐनबमोजिम स्थापना तथा सञ्चालन भएको घर, आश्रम वा यस्तै प्रकृतिका अन्य संरचना सम्झनु पर्छ ।

**दिवा सेवा केन्द्र**: ज्येष्ठ नागरिकलाई शुल्क लिई वा नलिई दिउँसोको समयमा हेरचाह गर्नको लागि यस ऐनबमोजिम स्थापना तथा सञ्चालन भएको घर, आश्रम वा यस्तै प्रकृतिका अन्य संरचना।

**ज्येष्ठ नागरिक सेवा केन्द्र**: भन्नाले ज्येष्ठ नागरिक सेवा केन्द्र सम्झनु पर्छ र सो शब्दले ज्येष्ठ नागरिकको हेरचाह र संरक्षण गर्न स्थापना र सञ्चालन हुने हेरचाह केन्द्र, ज्ञान सीप हस्तान्तरण केन्द्र, आश्रम वा यस्तै प्रकृतिका तीनै तहमा गठन हुने सरकारी संरचनालाई समेत जनाउँछ ।

# “केन्द्रीय ज्येष्ठ नागरिक समितिको काम, कर्तव्य र अधिकार

(क) ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने योजना तथा कार्यक्रमका लागि आवश्यक आर्थिक स्रोत परिचालन गर्न आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी मन्त्रालयसमक्ष सिफारिश गर्ने,

(ख) स्थानीय ज्येष्ठ नागरिक समितिलाई मार्गदर्शन गर्ने,

(ग) स्थानीय ज्येष्ठ नागरिक समितिको वार्षिक कार्यक्रमहरुको प्रगति समीक्षा एवं मूल्याङ्कन गर्ने,

(घ) आवश्यकता अनुसार स्थानीय ज्येष्ठ नागरिक समितिको सिफारिसमा हेरचाह केन्द्र, दिवा सेवा केन्द्र वा ज्येष्ठ नागरिक क्लब स्थापना गर्न कुनै व्यक्ति वा संस्थालाई प्रोत्साहन र सहयोग गर्ने,

(ङ) प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरुको सहयोग समेत लिई ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गर्नका लागि आवश्यक कार्यहरु सञ्चालन गर्ने गराउने,

(च) ज्येष्ठ नागरिकहरु प्रति श्रद्धा, आदर तथा सद्भावको अभिवृद्धि गर्ने सम्वन्धमा आवश्यक अन्य काम गर्ने।

# स्थानीय ज्येष्ठ नागरिक समितिको काम, कर्तव्य र अधिकार:

(क) वार्षिक कार्यक्रम सञ्चालन गर्नको निमित्त आवश्यक स्थानीय स्रोतको खोजी गर्ने र उपलब्ध स्रोतको परिचालन गर्ने,

(ख) स्थानीय तहमा सामाजिक कार्यकर्ता समेतको सहभागितामा ज्येष्ठ नागरिकको सम्मेलन गराई ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्नका लागि अवलम्बन गरिने नीति, योजना तथा कार्यक्रमका सम्बन्धमा सुझाव सङ्कलन गर्ने,

(ग) स्थानीय तहभित्र सञ्चालित हेरचाह केन्द्र, दिवा सेवा केन्द्र, सेवा केन्द्र, ज्येष्ठ नागरिक क्लब एवं ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धी काम गर्ने अन्य संघ संस्थाको अद्यावधिक अभिलेख राखी त्यसको एक प्रति केन्द्रीय ज्येष्ठ नागरिक समितिमा पठाउने,

(घ) जनसहभागिताबाट वा सरकारी वा गैर सरकारी संघ संस्थाहरुको सहभागिता जुटाई स्थानीय तहको विभिन्न भागमा ज्येष्ठ नागरिकको संरक्षण तथा सामाजिक सुरक्षा सम्बन्धमा प्रचार प्रसार गर्ने, त्यस्तो कार्य गर्ने सामाजिक कार्यकर्ता तथा सरकारी एवं गैरसरकारी संघ संस्थाहरुलाई सहयोग गर्ने,

(ङ) स्थानीय तहभित्रका ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा सम्बन्धी योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने, गराउने,

(च) ज्येष्ठ नगारिकको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्ति वा संस्थालाई पुरस्कृत गर्ने,

(छ) प्रचलित कानूनको अधीनमा रही राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थाहरुको सहयोग समेत लिई ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गर्नका लागि आवश्यक कार्यहरु सञ्चालन गर्ने गराउने ।

# स्थानीय ज्येष्ठ नागरिक समितिको ......

१८. **तीर्थाटन गराउनु पर्नेः** हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रले त्यस्तो केन्द्रमा रहेका ज्येष्ठ नागरिकलाई वर्षको कम्तीमा एक पटक तीर्थाटन र दुई पटक विभिन्न स्थानको दृश्यावलोकन गराउने व्यवस्था गराउनु पर्नेछ।

१९. **आचारसंहिता पालना गर्नु पर्नेः** मन्त्रालयले हेरचाह केन्द्र, सेवा केन्द्र र दिवा सेवा केन्दको व्यवस्थापनमा संलग्न पदाधिकारी तथा कर्मचारीका लागि आचारसंहिता बनाइ लागू गर्नेछ।

# नियम १६. क्लब सम्बन्धी व्यवस्था:

(१) कम्तीमा पाँच जना ज्येष्ठ नागरिक सदस्य हुनेगरी प्रचलित कानून बमोजिम ज्येष्ठ नागरिक क्लब स्थापना गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम स्थापना गरिने ज्येष्ठ नागरिक क्लबमा अन्य सुविधाका अतिरिक्त कम्तिमा देहाय बमोजिमका न्यूनतम पूर्वाधार तथा सुविधाहरुको व्यवस्था भएको हुनु पर्नेछः

(क) व्यायमशाला, पौडिपोखरी, खेलकूल मैदान वा कुनै पनि प्रकारको मनोरञ्जनस्थल,

(ख) शौचालय,

(ग) पुस्तकालय, वाचनालय वा प्रतीक्षालय,

(घ) प्राथमिक उपचार केन्द्र,

(ङ) प्राथमिक उपचारक।

(३) उपनियम (१) बमोजिम स्थापना भएको ज्येष्ठ नागरिक क्लबलाई नेपाल सरकार, सम्बन्धित प्रदेश सरकार र स्थानीय तहले रकम उपलब्ध गराउन सक्नेछन् । तर वार्षिक लेखा परीक्षण प्रतिवेदन पेस नगर्ने ज्येष्ठ नागरिक क्लबलाई रकम उपलब्ध गराइने छैन ।

(४) उपनियम (१) बमोजिम स्थापना गरिने ज्येष्ठ नागरिक क्लवले अनुसूची १ बमोजिमको ढाँचामा त्यस्तो क्लबका सदस्यको व्यक्तिगत विवरण तयार गरी राख्नु पर्नेछ ।

# ८. अभिलेख तयार गर्नुपर्ने:

(१) स्थानीय ज्येष्ठ नागरिक समितिले आफ्नो स्थानीय तहभित्रका ज्येष्ठ नागरिकको लगत संकलन गरी निजहरुको व्यक्तिगत विवरण, पारिवारिक स्थिति, शैक्षिक योग्यता, पेशागत दक्षता र अनुभव समेत खुल्ने गरी अनुसूची (१ बमोजिमको ढाँचामा अभिलेख राख्नुपर्ने छ।

(२) उपनियम (१) बमोजिम राखिएको अभिलेखलाई हरेक वर्ष अद्यावधिक गरिराख्नु पर्नेछ।

ऐनको व्यवस्था:

८क. **स्थानीय तहको दायित्व** : (१) स्थानीय तहले ज्येष्ठ नागरिकको जीवनयापनमा समस्या देखेमा निजका सन्तान वा नजिकको हकवालाको आर्थिक आम्दानी वा हैसियत वा उपार्जनका अवस्था पहिचान गरी तोकिए बमोजिमको रकम मासिक रूपमा सम्बन्धित ज्येष्ठ नागरिकको खातामा जम्मा गर्न लगाउनु पर्नेछ ।

तर तोकिएको न्यूनतम आम्दानी नभएका व्यक्तिको हकमा भने ज्येष्ठ नागरिकको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्नु स्थानीय तहको दायित्व हुनेछ ।

(२) स्थानीय तहले निर्णय लिनुपूर्व ज्येष्ठ नागरिकको जीवनयापनका लागि तत्काल केही गर्न आवश्यक देखेमा सम्बन्धित वडा अध्यक्षले अन्तरिम रूपमा निजका सन्तान वा हकवालालाई परिस्थिति विचार गरी सम्बन्धित ज्येष्ठ नागरिकको बैङ्क खातामा निश्चित रकम जम्मा गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको रकम बाबु आमासँगै बसेका वा कानून बमोजिम भिन्न भइसकेको अवस्थामा समेत जम्मा गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको बाबु आमा सगोलमा बसेका रहेछन् भने बाबु आमाको संयुक्त खातामा र बाबुआमा भिन्न बसेका रहेछन् भने आफूले पालनपोषण तथा हेरचाह गर्नु पर्ने बाबु वा आमाको खातामा जम्मा गर्नु पर्नेछ ।

# नियम १७ क. रकम जम्मा गर्न लगाउने:

ऐनको दफा ८क. को उपदफा (१) बमोजिम ज्येष्ठ नागरिकको खातामा रकम जम्मा गर्न लगाउँदा नियमित पारिश्रमिक वा निवृत्तिभरण पाइरहेको वा स्वरोजगार, व्यापार, व्यवसाय वा अन्य कुनै स्रोतबाट आयआर्जन गरिरहेको सन्तान वा नजिकको हकवालाबाट निजको आम्दानीको कम्तीमा दस प्रतिशत रकम मासिक रुपमा जम्मा गर्न लगाउनु पर्नेछ ।

तर,

(१) नेपाल सरकारले प्रचलित कानून बमोजिम श्रमिकका लागि निर्धारण गरेको न्यूनतम मासिक पारिश्रमिक भन्दा कम आम्दानी भएको व्यक्तिले यस नियम बमोजिमको रकम जम्मा गर्नु पर्ने छैन ।

(२) ऐनको दफा ८क. को उपदफा (५) बमोजिमको आयआर्जनबाट खान, लाउन, आधारभूत औषधि उपचार गर्न तथा अन्य आधारभूत आवश्यकता पूरा गर्न पुग्ने वार्षिक आम्दानी भएका ज्येष्ठ नागरिक बाबु आमाको लागि रकम जम्मा गर्नु पर्ने छैन।

# ज्येष्ठ नागरिक सेवा केन्द्रको काम, कर्तव्य र अधिकार:

(क) ज्येष्ठ नागरिकसँग रहेको ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्नका लागि अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गर्ने,

(ख) ज्येष्ठ नागरिकलाई निजको दक्षता, क्षमता र रुची अनुसार अध्ययन, अनुसन्धानको काममा सहभागी गराउने,

(ग) ज्येष्ठ नागरिकलाई निजको दक्षता, क्षमता र रुची अनुसार कुनै उद्यम वा रोजगारमा संलग्न गराउनका लागि तालिम सञ्चालन गर्ने,

(घ) उद्यम वा रोजगारीमा संलग्न हुन चाहने ज्येष्ठ नागरिकलाई निजको क्षमताको आधारमा उद्यम वा रोजगारीमा संलग्न गराउन स्थानीय तह समक्ष सिफारिस गर्ने,

(ङ) नियम ६क. बमोजिम सञ्चालित आयमूलक कार्यक्रमबाट उत्पादित वस्तु वा सेवाको बिक्री वितरणको लागि स्थानीय तहभित्रका सरकारी तथा गैरसरकारी निकायसँग आवश्यक समन्वय गर्ने,

(च) आयमूलक कार्यक्रम सञ्चालनका लागि विभिन्न सङ्घ, संस्थासँग समन्वय र सहकार्य गर्ने,

(छ) ज्येष्ठ नागरिकलाई स्वस्थ र सक्रिय जीवनयापन गर्न उत्प्रेरित गर्नको लागि योग, ध्यान वा अन्य आध्यात्मिक क्रियाकलाप तथा जीवनोपयोगी सीप सम्बन्धी तालिम सञ्चालन गर्ने,

(ज) ज्येष्ठ नागरिकको आकस्मिक स्वास्थ्योपचारको लागि आवश्यक औषधिको व्यवस्था गर्ने,

(झ) आफूले सञ्चालन गरेका काम कारबाहीको नियमित अभिलेख राखी त्रैमासिक रुपमा स्थानीय ज्येष्ठ नागरिक समितिमा प्रतिवेदन पेस गर्ने।

६क आयमूलक कार्यक्रम सञ्चालन गर्ने :

(क) ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप र अनुभव उपयोग गरी कुनै वस्तु वा सेवा उत्पादन वा निर्माण गर्ने,

(ख) ज्येष्ठ नागरिकद्वारा लिखित वा सम्पादित लेख, रचना प्रकाशन गर्ने,

(ग) ज्येष्ठ नागरिकको क्षमता र रुची अनुसार अन्य आय आर्जन हुने कुनै कार्यक्रम गर्ने।

# नियम ७: हेरचाह केन्द्रमा राख्ने सम्बन्धी व्यवस्था:

अदालतले कैद सजाय पाएको अशक्त ज्येष्ठ नागरिक वा पचहत्तर वर्ष उमेर पूरा गरेको ज्येष्ठ नागरिकलाई ऐनको दफा १२ को उपदफा (३) बमोजिम हेरचाह केन्द्रमा राख्ने गरी आदेश दिंदा देहायका कुरालाई विचार गर्नु पर्नेछ:

(क) कसूर र कसूर गर्दाको नियत, कारण र अवस्था,

(ख) निजको विगतको चालचलन,

(ग) निजको उमेर र शारीरिक अवस्था,

(घ) निजले कसूरका सम्बन्धमा गरेको साविती र निजले कसूरको लागि गरेको क्षमायाचना,

(ङ) अन्य प्रासङ्गिक कुराहरु ।

**नियम १०: ऐनको दफा २० बमोजिम हेरचाह केन्द्र वा दिवासेवा केन्द्रको स्थापना गर्न चाहने व्यक्ति वा प्रचलित कानून बमोजिम गठन भएको संघ संस्थाले देहायको विवरण खोली स्वीकृतिको लागि सम्बन्धित स्थानीय तह समक्ष निवेदन दिनु पर्नेछ:**

(क) निवेदकको नाम थर, वतन,

(ख) निवेदक प्रचलित कानून बमोजिम गठन भएको संघ संस्था भए प्रचलित कानून बमोजिम दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(ग) हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र स्थापना हुने स्थान र त्यस्तो केन्दको क्षमता, लगायतका पूर्वाधारको विवरण

(घ) हेरचाह केन्द्र वा दिवासेवा केन्द्रको लागि आवश्यक जनशक्तिको विवरण,

(ङ) आर्थिक स्रोतको विवरण।

*उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा नियम १२ बमोजिमको पूर्वाधार, मापदण्ड तथा सुबिधाहरु तयार भएको पाइएमा स्थानीय तहले हेरचाह केन्द्र वा दिवा सेवा केन्द्र वा दुवै केन्द्र सञ्चालन गर्न स्वीकृति दिनेछ।*

# नियम ११. निरीक्षण गर्ने

(१) मन्त्रालयले हेरचाह केन्द्र, दिवा सेवा केन्द्र र सेवा केन्द्रको जहिलेसुकै निरीक्षण गर्न वा गराउन सक्नेछ। (२) केन्द्रीय ज्येष्ठ नागरिक समितिले नेपाल सरकारले स्थापना र सञ्चालन गरेका हेरचाह केन्द्र, दिवा सेवा केन्द्र र सेवा केन्द्रको वर्षको कम्तीमा एक पटक निरीक्षण गरी सोको प्रतिवेदन नेपाल सरकार समक्ष पेस गर्नु पर्नेछ।

(२क) स्थानीय ज्येष्ठ नागरिक समितिले स्थानीय तह वा कुनै व्यक्ति वा प्रचलित कानून बमोजिम गठन भएको सङ्घ, संस्थाले स्थापना र सञ्चालन गरेको हेरचाह केन्द्र, दिवा सेवा केन्द्र र सेवा केन्द्रको वर्षको कम्तीमा एक पटक निरीक्षण गरी सोको प्रतिवेदन स्थानीय तह समक्ष पेस गर्नु पर्नेछ।

(२ख) उपनियम (२) वा (२क) बमोजिम निरीक्षण गर्दा अन्य कुराको अतिरिक्त ऐन, यस नियमावली वा प्रचलित कानून विपरीत कुनै काम कारबाही भएको पाइएमा सो समेत निरीक्षण प्रतिवेदनमा खुलाउनु पर्नेछ।

(३) यस नियम बमोजिम निरीक्षण गर्ने अधिकारीले हेरचाह केन्द्र वा दिवा सेवा केन्द्रले यस नियमावलीमा तोकिएका पूर्वाधार र सुविधाको व्यवस्था गरेको नपाएमा वा कुनै अनियमितता भएको देखेमा पूर्वाधार र सुविधाको व्यवस्था गर्न, सुधार गर्न र अनियमितता हटाउन समय तोकी आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपनियम (३) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सम्बन्धित हेरचार केन्द्र वा दिवा सेवा केन्द्रको सञ्चालकको कर्तव्य हुनेछ।

# १२. न्यूनतम पूर्वाधार, मापदण्ड तथा सुविधाको व्यवस्था गर्नु पर्ने:

(१) ऐन तथा यस नियमावली बमोजिम स्थापना र सञ्चालन गरिने हेरचाह केन्द्र, सेवा केन्द्र वा दिवा सेवा केन्द्रमा अनुसूची २ बमोजिमको न्यूनतम मापदण्ड तथा सुविधाको व्यवस्था गर्नु पर्नेछ ।

(३) हेरचाह केन्द्र, स्वाधार सेवा केन्द्र वा दिवा सेवा केन्द्रले आफूकहाँ रहेका ज्येष्ठ नागरिकको विवरण अनुसूची १ बमोजिमको ढाँचामा तयार गरी राख्नु पर्नेछ ।

# १३. बेवारिसे तथा असहाय ज्येष्ठ नागरिकको विशेष संरक्षण गर्नेः

(१) ऐनको दफा २१ बमोजिम बेवारिसे अवस्थामा फेला परेको वा असहाय ज्येष्ठ नागरिकलाई स्थानीय तहले स्थानीय ज्येष्ठ नागरिक समितिको समन्वयमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित हेरचाह केन्द्र वा सेवा केन्द्र भए सो केन्द्रमा र नभए निजी वा गैर सरकारी क्षेत्रबाट सञ्चालित हेरचाह केन्द्रमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम हेरचाह केन्द्र वा सेवा केन्द्रमा राखिएको बेवारिसे ज्येष्ठ नागरिकको परिवारको सदस्य फेला परेमा त्यस्तो ज्येष्ठ नागरिकलाई निजको परिवारको जिम्मा लगाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम हेरचाह केन्द्र वा सेवा केन्द्रमा राखिएका ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाहको सम्बन्धमा त्यस्तो हेरचाह केन्द्र वा सेवा केन्द्रले ऐनको दफा ५ वा ८क. बमोजिम आवश्यक कारबाहीको लागि सम्बन्धित स्थानीय तहमा लेखी पठाउनु पर्नेछ ।

(४) असहाय ज्येष्ठ नागरिकले समय समयमा नेपाल सरकारले तोके बमोजिमको भत्ता वा सुविधा पाउन सक्नेछन् ।

# १४. ज्येष्ठ नागरिकको वर्गीकरण:

(१) ऐनको दफा २४ को प्रयोजनका लागि देहायको आधारमा ज्येष्ठ नागरिक, असहाय ज्येष्ठ नागरिक र अशक्त ज्येष्ठ नागरिकलाई वर्गीकरण गरिनेछ:

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको ज्येष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक,

(ग) असहाय ज्येष्ठ नागरिक,

(घ) अशक्त ज्येष्ठ नागरिक,

(ङ) एकल ज्येष्ठ नागरिक ।

*(स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "एकल ज्येष्ठ नागरिक" भन्नाले विधवा, विधुर वा अविवाहित एकल ज्येष्ठ नागरिक सम्झनु पर्छ।)*

(२) उपनियम (१) बमोजिम वर्गीकरण गरिएका ज्येष्ठ नागरिकले समय समयमा नेपाल सरकारले तोके बमोजिमको भत्ता वा सुविधा पाउन सक्नेछन् ।

(३) उपनियम (१) बमोजिमका प्रत्येक ज्येष्ठ नागरिकको वर्गीकरण केन्द्रीय ज्येष्ठ नागरिक समितिले निर्धारण गर्नेछ र सोको सूचना सार्वजनिक प्रकाशन गर्नु पर्नेछ ।

# १५. ज्येष्ठ नागरिकको परिचयपत्रः

(१) मन्त्रालयले तोकेको निकाय मार्फत ज्येष्ठ नागरिकलाई अनुसूची ३ बमोजिमको ढाँचामा ज्येष्ठ नागरिक परिचयपत्र उपलब्ध गराइनेछ ।

(२) उपनियम (१) बमोजिम उपलब्ध गराइने परिचयपत्र नियम १४ को वर्गीकणका आधारमा फरक फरक हुन सक्नेछ

# अनुसूचिहरु

Microsoft Word Document

Microsoft Word Document

Microsoft Word Document

- Annex 1 Profile of Senior Citizen.docx
- Annex 2 Requirements of SC Service Center.docx
- Annex 3 ID card of Senior Citizen.docx

# अवको योजना तथा सहकार्य र संभावनाको क्षेत्र ?

- ..
- Slide 13 -18

# Thank You!